# यही हो नेपाल, नेपालीको घर

*खगेन्द्र संग्रौला*

पोहोर साल हामी एक दर्जनजति लेखकहरू धुलिखेलमाथिको सुनसान, रमणीय पाखोमा बनेको हाई भ्यु रिसोर्टमा एकान्त साधना गर्न गएका थियौं । सिर्जनशील लेखनवृत्तिका नाउँमा हामीलाई रिसोर्टमा अल्पकालीन गाँस, बास र कपासको बन्दोबस्त मार्टिन चौतारीले मिलाइदिएको थियो । एक दिन, माघ महिना, साँझपख हामी बेलुकाको दाल-भात-डुकु ग्रहण गरेर आ-आफ्ना गुँडतिर लाग्ने धुनमा के थियौं, त्यहाँ एउटा उल्का भयो । निम्ता नगरिएको र आउला भनी सपनामा पनि नचिताइएको एउटा राजनीतिक पात्र हठात् त्यहाँ आइपुग्दा टन्टलापुर घाम लागेको बेला नीलो आकाशबाट चट्याङ परेझैं भयो । हाम्रो टेबुलवरिपरिका शान्त संवादहरूमा विरामचिह्न लाग्यो र चट्याङद्वारा बिथोलिएको वातावरण एकदमै स्तब्ध भयो ।

गेंवरा उखुको गिँडजस्तो मझौला कदको सुगठित र ठोस काया, कोमल भावना लेश मात्र पनि नभएझैं लाग्ने बडाबडा आँखा, छिप्पिएको झुसिल्किराका झुसजस्ता अञ्हरा जुँगा भएको त्यस पात्रलाई देखेर चकित भई भुवन ढुङ्गानाका ओठबाट विस्मयसूचक वचनको विस्फोट भयो, 'ए, तपाईं पो !'

त्यो 'तपाईं' अरू कोही नभएर भुवन ढुङ्गानाका जीवनसंगी दमन थिए– दमननाथ ढुङ्गाना । बाढीसरह ओइरिने दैनिक सूचनाको हस्तक्षेप, देशको दिनचर्याझैं भएको द्वन्द्व र हिंसाको मानसिक चाप, दुईजिब्रे राजनीतिक पात्रहरूका अनर्गल प्रलापहरूको झर्कोफर्को र घरायसी झैझमेलाहरूको बिथोलाइबाट पन्छिएर हामी त्यो एकलासे पाखोमा पुगेका थियौं । त्यो एकलासमा पनि चिताउँदै नचिताएको उल्का भएर त्यो व्यवधानकारी तत्त्व त्यसरी झ्वास्स त्यहाँ आइलाग्यो ।

अभिवादनमा जुम्लाहातको आदान-प्रदानपछि दमन र मेरो प्रेमपूर्ण हस्तमिलन भयो । उनी भुवनको छेवैमा आएर बसे । विशाल भोजनकक्षमा अलिबेर बोझिलो सन्नाटा छायो । अनि सन्नाटा भङ्ग गर्दै मैले मुख फोरें, 'देश-दुनियाँको खबर के छ ?'

चिन्ता भरिएको चिन्तनशील मुद्रामा सूत्रवचनमा दमनले भने, 'अरू के हुनु ? यस देशमा प्रश्न गर्नेलाई सधैं केही भन्ने गरिएको छ । राणा शासनमा काङ्ग्रेस भनिन्थ्यो, पञ्चायती राजमा अराष्ट्रिय तत्त्व भनियो र अहिले माओवादी भन्ने गरिएको छ ।'

देशमा अहिलेझैं ऊ बेला पनि द्वन्द्व र हिंसा व्याप्त थियो । यस विनाशकारी बेथितिलाई सामाजिक न्यायसहितको थितिमा फेर्न संवादको बाटो समात्नुपर्छ भनी अथक पैरवी गर्ने दमन स्वयंलाई पनि त्यो बेला माओवादीको मतियार भन्ने फत्तुर लगाउन बाँकी राखिएको थिएन । सत्तामा काङ्ग्रेस थियो । काङ्ग्रेससमेत मुछिने गरी दमनले 'माओवादीलाई जन्माएको खाओवादीले हो' भनी ठूलो स्वरमा उद्घोष गरेका थिए । र, खाओवादी मोर्चामा बसेर खान पाएकाहरू उनीसँग अत्यन्तै रुष्ट र क्षुब्ध थिए । र नै तिनले द्वेष र प्रतिशोधको भाकामा विषवमन गरे– दमन माओवादी हो !

दमनको एउटै सूत्रवचनमा हाम्रा कुरा गर्ने कुरा सबै सकिए । उनले चुपचापसँग चाउमिन र कोकको सात्त्विक भोजन गरे । र, उनको 'सबैलाई शुभरात्रि' सँगै हामी आ-आफ्ना गुँडतिर लम्कियौं ।

मुटु कठ्याङ्ग्रिने जाडो थियो, गुम्लुङ्ग सिरक ओढेर म कोठामा बसें । आँखाअगाडि उनै दमनको अनुहार झुन्डिइरह्यो । मेरो मनको भित्तोबाट पन्छिनै नमान्ने दमनको त्यस आकृतिले मलाई डोऱ्याएर अतीततिर लग्यो । र, निकै वर्षअघि चुनावका बेलाको एउटा घटनामा पुगेर मेरो मनको यात्रा टक्क अडियो । मदन भण्डारीको हत्या भइसकेको थियो । र, मदनपत्नी सेतो साडी लगाएर भोट माग्न डबलीमा उभिएकी थिइन् । मलाई सोध्न मन लागेको थियो– मदनको मार्क्सवाद-लेनिनवादप्रतिको निष्ठा र उनकी विधवा पत्नीको यो चुनावी सेतो साडीको वैचारिक नाता के हो ? तर सोध्न गाह्रो थियो । त्यो सेतो साडीमा मृत्युको अत्यन्तै भावुक र पीडादायी संवेदना

टासिएको थियो । र, सारा भीड सलहको भोको बथानझैं अन्धवेगमा सेतो साडीको पछिपछि कुदिरहेको थियो । म कातर, मलाई डर लाग्यो । त्यसैले मैले सोध्न सकिनँ । तर अन्तस्करणबाट उठेको प्रश्न सोध्न नसकेकोमा मलाई ग्लानिबोधले भित्रभित्रै रन्थनाइरह्यो ।

चुनावको मैदानमा सेतो साडीका प्रत्याशी यिनै दमन थिए । दमनले आफ्ना प्रत्याशीको प्रचारबाजीलाई दमन गर्न के भन्लान् भन्ने मेरो जिज्ञासा उत्कट थियो । मेरो उचाइ चोमोलोङ्माको चुचुरोजत्रो, उसको लिलिपुटे मानवको जत्रो । म सृष्टिदेखि आजसम्मको अब्बल दर्जाको महामानव, ऊ सृष्टिदेखि आजसम्मको नम्बर एक महादानव । म त्यागी, ऊ भोगी । म साधु, ऊ चोर । मलाई जिताए आकाशको जूनलाई सुन बनाएर म सबैका घरआँगनमा थपक्क झारिदिन्छु, उसलाई जिताए उसले सबैका घरमा दनदनी आगो लगाइदिन्छ । चुनावको हामीकहाँ चलिआएको कुरूप र क्रूर प्रचारबाजी यस्तै हो । यी दमनको चाहिं कस्तो होला ?

चाबहिलमा विद्यालयको एउटा कोठामा दमनको चुनावी प्रवचन हुने भयो । म वामपन्थी, उनी काङ्ग्रेस– के उनको प्रवचन सुन्न मलाई मेरो वैचारिक जातले अनुमति दिन्छ ? कतै सलहको बथानले देखिहाल्यो भने ? म काङ्ग्रेसीहरूको भीडमा लुकेर गएँ र भीडमै लुकेर बसें । अनि दमनको चुनावी प्रचारको शैली देखेर म तीनछक परें । एउटा छोटो पर्चा थियो जसमा आफू र आफ्नो प्रत्याशी दुवैको चिनारी सचित्र छापिएको थियो । जन्म र उमेर, शिक्षा र राजनीतिक यात्रा, आस्था र प्रतिबद्धता, साधना र समर्पणको कथा– पर्चामा हो यस्तै कुरा थिए । त्यसमा आफ्नो बखान र विपक्षीको भर्त्सनाको नामनिसान केही पनि थिएन । उम्मेदवारको योग्यता हेरेर स्वविवेकले चयन गर्ने हक मतदातालाई नै सुम्पिइएको थियो । र त मैले भनेको हुँ– दमननाथको दमननीतिरहित प्रचारशैली देखेर म तीनछक परें । आफू अलि भावुक र अराजक स्वभावको भएर होला, मलाई आफ्नो वैचारिक धर्मलाई तोडेर दमनलाई भोट दिन मन लाग्यो । म कायर, दुनियाँले सुन्ने गरी यो कुरा भन्न सक्ने ह्याउ मभित्र थिएन । मैले भन्ने आँट गरेको भए मलाई त्यसरी नै काङ्ग्रेस भएको फत्तुर लाग्दो हो जसरी आज दमननाथलाई माओवादी भएको फत्तुर लागेको छ । मैले भीडमा लुकेर सुटुक्क दमननाथलाई रूखछापमा भोट हालें । र, आफू वैचारिक धर्मबाट विचलित भएको कुरा मैले आफ्नै मनको नितान्त गोप्य कुनामा बडो सतर्कतासाथ लुकाइराखें ।

पछि, सेतो साडीको सहाराले चुनाव जितेकी 'जनताकी छोरी विद्या भण्डारी' लाई चानचुन आधा करोड रुपियाँ पर्ने रातो निजी प्राडोमा बडो मस्ती र रबाफी मुद्रामा सवार भएको मैले देखें । र मैले यो पनि देखें, छुँदैमा दाग लाग्ला कि जस्तो त्यो विशाल रातो प्राडो मारिएका मदनका अधुरा सपनाहरूलाई पेल्दै रगतपच्छे पारेर सडकमा कुदिरहेको थियो । जुन बेला 'जनताकी छोरी' शानदार ढङ्गले प्राडोमा हुइँकिइरहेकी थिइन्, ठीक त्यही बेला दमननाथचाहिं सांसदले र्‍याल काढ्दै दुई हात थाप्ने गरेको पेन्सनसमेत बहिष्कार गरेर पुतलीसडक र बागबजारका पेटीमा पैदलै लुखुरलखुर हिंडिरहेका थिए । उनको हाराहारी भएर उनीसँगै हिंड्दा मैले आफूलाई उनको नजिकै पाएँ । र, मलाई महसुस भयो– त्यस्तो कम्युनिस्टभन्दा त बरु यस्तै काङ्ग्रेस राम्रो हो । छोइछिटो हाल्नुपर्ने गरी जात फालेर काङ्ग्रेसलाई मतदान गर्दा मेरो मनको फेरमा असहजजस्तो, अपराधबोधजस्तो केकेको कष्टकर भावना लिसोझैं टाँसिएर बसेको थियो । प्राडोको भव्य सवार र सरल पैदलयात्राका ती दुई दृश्य एकसाथ देखेपछि मेरो मनको खिचातानी र पीडा शान्त भयो र मैले मनको फेरलाई टकटक्याएर सबै कष्टकर भावनाहरूलाई धूलामा झारिदिएँ ।

हो, तिनै पैदलयात्री दमननाथ हाम्रो सिर्जन-शिविरमा आइलागेका थिए । रिसोर्टदेखि माथि त्यस्तै आधा घन्टाको बाटोमा सल्लाघारीको बीचमा एउटा मन्दिर थियो, जहाँ स्वामीजीका हातले पस्किदिएको सुस्वादु चिया खान हामी केही जना प्रातःभ्रमणमा उकालो लाग्ने गर्थ्यौं । भारी ज्यान भएका दमन के जालान् र भन्ने लागेको थियो, तर उनी पनि बडो उमङ्गसाथ हाम्रो माझमा उभिएर उकालो लागे ।

पौडेल थर भएका, मुखाकृति हेर्दा तालेबानको झझल्को आउने, अठ्ठाइस-तीस वर्षका पुजारी स्वामी जोगीभन्दा पनि भोगीजस्ता लाग्थे । उनको ज्यान वनका बीचमा मन्दिरमा थियो, तर छाँटले उनको मन मानवबस्तीमा काम, क्रोध, लोभ र मोहको चक्रमै फनफनी घुमिरहेको प्रतीत हुन्थ्यो । जब दमनको उनीसँग संवाद सुरु भयो, हामी श्रोताहरू सबैलाई चकित तुल्याउँदै दमननाथभित्रबाट एउटा रौसे कोमलनाथ बाहिर प्रकट भयो ।

दमनले सोधे, 'स्वामीजी, वैराग्यको यो आश्रमतर्फ प्रवृत्त हुन यहाँलाई केले प्रेरित गर्‍यो ?'

उत्तर जिब्राका टुप्पामै झुन्डिरहेझैं गरी स्वामीले जीवनका ठेस र ठक्करहरूले लखेटेर आफूलाई वनवासी बनाएको दुखेसो प्रकट गरे । अस्ति नैको जनआन्दोलनताक सडकमा कुद्दा प्रहरीका हातबाट उनको रामधुलाइ भएछ । उनको बुझाइमा कुट्ने जति पनि थिए, तर कुटाइबाट आफूलाई जोगाइदिने र कुटिंदा लागेको घाउमा मलम लगाइदिने कोही पनि भएन । अनि उनलाई राजनीतिदेखि त्यसैत्यसै विरक्त लागेर आयो । परिवारभित्र बन्धुबान्धवमाझ पनि गृहकलह र आन्तरिक विग्रह थियो । त्यसबाट उनको वैराग्यको घाउमा नुनचुक थपिदियो । अनि खाऊँ, लाऊँ र मोजमज्जा गरूँका सबै सपना र तिर्सनाहरूलाई बस्तीमै छाडेर उनी वनवासी गेरु वस्त्रधारी स्वामीमा परिणत भए ।

दमन प्रश्नपछि प्रश्न गरिरहेका छन्, ‘लक्का जवान हुनुहुन्छ । नसानदीमा उन्मत्त यौवनका ताता तरङ्गहरू प्रवाहित भइरहेका हुँदा हुन् । अप्सराहरूको यादमा गाउँतिरै फर्किऊँजस्तो लाग्दैन ?’

पट्ठा स्वामी झस्किए । उनका कन्चटमा नीला नसाहरू टन्किएका टड्कारै देखिए । अनि अताल्लिएजस्तो मुद्रामा उनले हृदयको सहजभावलाई सत्यको भाकामा वाणी दिए, ‘लाग्छ नि ।’ अनि झन् अताल्लिँदै उनले आफ्ना कुरामा कृत्रिम रफ्फु भरे, ‘हैन, हैन, इन्द्रियहरूलाई कन्ट्रोलमा राख्नुपर्छ ।’

‘सपनामा त अप्सराहरूसँग राम्रैसँग क्रीडा हुँदो हो नि ?’

‘हुन्न, हुन्न,’ स्वामीजी झन् कालो-नीलो भए, ‘यो बाटो अँगालेपछि त्यो बाटोलाई बिर्सिदिनुपर्छ ।’

‘पर्ने एउटा कुरा हो, हुने अर्कै कुरा हो ।’

‘न, न, मैले तामसी इन्द्रियहरूलाई कन्ट्रोल गरिसक्या छु ।’क

स्वामीजी आक्रामक प्रश्नहरूलाई छलेर भाग्न खोज्छन्, दमनले उनलाई राम्रैसँग दमन गरेर अँठ्याएका छन् । भुवनतिर पुलुक्क हेरेर उनले भने, ‘मैले पत्नीलाई साथमा लिएर यस्तो आश्रम धारण गर्न मिल्ला, स्वामीजी ?’

‘चित्त शुद्ध हुनुपर्छ, मिल्छ ।’

‘मेरो चित्त शुद्ध छ । म सपत्नी घरमा बसेको छु । यहाँले पनि त्यसै गरे भइगो नि ।’

स्वामीजीका ओठ-तालु सुके । दमन आफ्नो मुद्रा, वचन र भाकामा मनोविनोद र परिहासको भावले भरिपूर्ण छन् । तर सबै जना मुख छोपीछोपीकन हाँस्दा पनि आफ्नो हाँसोलाई भने ओठभित्रै दमन गर्न उनी माहिर छन् ।

संवादमा प्रसङ्ग अर्कोतिर मोडियो । स्वामीजीले अध्यात्म साधनाको मार्गमा तेस्रो शिविरमा पुगेर गयाबाट प्रमाणपत्र लिएका रहेछन् ।

‘चौथो शिविरमा पुग्न के गर्नुपर्छ, स्वामिजी ?’ ठोस आवाज भएको दमनको प्रश्न स्वामीका शिरमा बज्रिन पुग्यो ।

‘लिङ्ग तोड्नुपर्छ ।’

‘अनि कहिले तोड्ने हो त लिङ्ग ?’

‘म तोड्दिनँ,’ लिङ्गप्रेमी स्वामीले भोगको लालसा भरिएको स्वरमा भने ।

‘ठीक छ,’ स्वामीजीको पाखण्डलाई दह्रो दनक दिंदै दमनले कुराको बिट मारे, ‘नतोड्नुस्, लिङ्ग भनेको दुर्लभ कुरा हो ।’

हामी सबै समवेत स्वरमा गलल्ल हाँस्यौं । आफ्नो जोगी स्वरूपभित्रबाट आफ्नो भोगी सार नाङ्गै प्रकट भएको चेत पाएर तिलमिलाएका तन्नेरी स्वामी वाल्ल परे । तर दमनका ओठ भने टम्मका टम्मै ।

दमनसँगको त्यो सुमधुर क्षण अविस्मरणीय भएर मेरो मानसपटलमा छापियो । जीवनको जटिल नाटकमा नोकरशाही, औपचारिकता र आडम्बरको कृत्रिम र नीरस अभिनय गर्दै जाँदा दमननाथभित्र दबिएको कोमलनाथ त्यहाँ सग्लै र सिङ्गै प्रकट भएको थियो । विनोदप्रिय कोमलनाथ, परिहासपटु कोमलनाथ, अनौपचारिक, मृदु र हार्दिक कोमलनाथ । दमननाथको त्यो कोमलनाथ मलाई खुब मन पर्‍यो । र, त्यस मृदु क्षणमा दमननाथ मलाई झन् निकट र प्रिय लागे ।

दमन बिदा भएको भोलिपल्ट दमननाथभित्रको कोमलनाथको सम्झना गर्दै प्रातःभ्रमणमा उकालो लाग्दा वनभरि नै एउटा परिचित गीतका मृदु लहरहरू सञ्चार भएको मैले आफ्नो अन्तरमा आभास पाएँ– 'यही हो नेपाल, नेपालीको घर ।' नेपालीहरूको नेपालरूपी घरको महिमा गाउने गीतको रचनाकार उही कोमलनाथ हो– औपचारिक दमननाथभित्र कैद भएर निसासिइरहेको उही अनाथ कोमलनाथ !